**२०८३/६/५ गते सोमवार**

## शाखा प्रमुखहरूको बैठकका निर्णयहरु

निर्णय नं.१ **का.स.मु. फारम मुल्यांकन सम्बन्धमाः-** गाउँपालिकामा यसै वर्ष पेश भएका आ.व.२०८२/०८३ को कार्य सम्पादन मुल्यांकन फारम सुपरिवेक्षक, पुनरावलोकनकर्ताबाट मूल्यांकन भै सकेकोले पुनरावलोकन समितिमा मूल्यांकनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा तत्काल पठाउने गर्ने निर्णय गरियो।

निर्णय नं.२ **का.स.मु. फारम लोक सेवा आयोगमा पठाउने सम्बन्धमाः-** गाउँपालिकामा हाल सम्म दर्ता भएका सम्पूर्ण आर्थिक वर्षका मूल्यांकन भै सकेका का.स.मु.फारमहरू प्रदेश लोक सेवा आयोग हेटौडामा १/१ प्रति खामबन्दी गरि बुझाउन जिम्मेवारी प्रशासन शाखालाई तोक्ने निर्णय गरियो।

निर्णय नं.३ **वार्षिक खरिद योजना सम्बन्धमाः-**गाउँपालिकाबाट यस आर्थिक वर्ष २०८३/०८४ मा खरिद हुने सम्पूर्ण खरिद कार्यको वार्षिक खरिद योजना तयार गरि गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.४ **वार्षिक कार्य योजना सम्बन्धमाः-**गाउँपालिकाबाट यस आर्थिक वर्ष २०८३/०८४ मा स्विकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरूको विषयगत शाखाहरूबाट वार्षिक कार्य योजना तयार पार्न समन्वयको भूमिका प्रशासन शाखा मार्फत गरि गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५ **LGPAS टास्क फोर्स गठन तथा जिम्मेवारी प्रदान सम्बन्धमाः**

**स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली LGPAS** गाउँपालिकाको सेवा प्रवाह, योजना व्यवस्थापन पारदर्शी सेवा प्रवाह र सुशासन सम्बन्धि सूचकहरुको मूल्यांकन गरि अंक प्रविष्टिको कार्यलाई व्यवस्थित गतिशिल बनाउन योजना शाखा प्रमुख श्री सुरेश थापाको संयोजकत्वमा निम्न ४ जना सदस्य रहेको कमिटि गठन गरि कार्य प्रभावकारी रूपमा अगाडी बढाउने र सो समितिको नियमित बैठक हरेक महिनाको पहिलो हफ्ता प्रविष्टि सम्बन्धि कार्य सम्पादनका लागि र अन्तिम साता प्रमुख प्रशासकीय अधिकृत समक्ष कार्य प्रगति प्रस्तुति सहितको नियमित बैठक बस्ने गरि समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

| | |
|---|---|
| श्री सुरेश थापा, योजना शाखा प्रमुख | संयोजक |
| श्री गोकुल देव जोशी, पूर्वाधार शाखा प्रमुख | सदस्य |
| श्री चुडाराज खनाल, स.कम्प्युटर अधिकृत | सदस्य |
| श्री फुर्वा लामा, सूचना प्रविधि अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ६** <u>**विविधः**</u> आवश्यकता अनुसार बैठक बसि थप निर्णय गर्दै अगाडी बढ्ने सर्वसम्मत निर्णय गर्दै आजको नियमित बैठक स-धन्यवाद सौहार्दपूर्ण वातावरणमा सम्पन्नगर्न गराउन भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन सहित आजको बैठक समाप्त गरियो।